रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ५ मितिः २०७९/०९/१२ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाँउपालिकाको

## रुरुक्षेत्र गाउँपालिका नगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

सम्बत २०७९ को कार्यविधि नं. ५ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०९/१२

# रुरुक्षेत्र गाउँपालिका नगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि २०७९

१.रुरुक्षेत्र गाउँपालिकाको मिति २०७९/०९/१२ गतेको निर्णय बमोजिम स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज)बमोजिम यस गाउँपालिकामा करारमा नगर प्रहरी नियुक्ति गर्नका लागि यो कार्यविधि तयार पारिएको छ । नगर प्रहरी छनौट समितिले गरेको सिफारीसको आधारमा गाउँपीलिकाको बढीमा एक आर्थिक वर्षको लागि नगर प्रहरीमा नियुक्ति गर्न सक्नेछ । यसरी करारमा नियुक्त भएका नगर प्रहरीको यसको कार्यक्षमता हेरी प्रत्येक वर्ष करारको म्याद गाउँपालिकाले थप गर्न सक्नेछ ।

२. कार्यविधी १ बमोजिम करारमा नगर प्रहरी नियुक्ति गर्दा गाउँकार्यपालिकाले पास गरेको निम्न ५ ओटा पदमा मात्रनियुक्ति गर्न सक्नेछ । १ जनाप्रहरी सहायक निरीक्षक, २ जनापुरुष र २ जनामहिलाप्रहरी जवान रहनेछनजसमा १ जनाजनजातीमहिला १जनाखुलामहिला, १ जनादलित रहनेछन् ।

३.कार्यविधी १ बमोजिम करारमा नगरप्रहरी नियुक्ति गर्ने क्रममा गाउँपालिका बाट गठित छनौट समितिले १५ दिनको सार्वजनिक सुचना संभाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै वडाकार्यालय, गाउँकार्यपालिकामा सुचना टाँस गरिने छ । यस्तो सुचना रुरुक्षेत्र गाउँपालिकाको website मा समेत राखिने व्यवस्थाहुनेछ ।

४. कार्यविधी ३ बमोजिमनगर प्रहरी पदमा नियुक्त हुन निवेदनदिने उमेद्वारले आफ्नो शैक्षिक योग्यता, नेपालीनागरिकता, अनुभवको प्रमाणपत्र साथ निवेदन पेश गर्नुपर्ने छ ।

५. कार्यविधी ४ बमोजिम परेका निवेदन उपर गाउँपालिकाबाट गठित छनौट समिती (आयोग) निम्न बमोजिम हुनेछ ।

(क) प्रमुखप्रशासकीयअधिकृत संयोजक

(ख) प्रहरी कार्यालयको प्रतिनिधिसदस्य

(ग) लेखाअधिकृत वाप्रतिनिधि सदस्य

(घ) गाउँपालिकाको अधिकृत सदस्य सचिव

६. कार्यविधी ४बमोजिम गठन भएका छनौट समितिले आवस्यकता अनुसार विज्ञहरुको उप समिति बनाउन सक्नेछ र सो बमोजिम काम कार्यमा लगाउन सक्नेछ ।

## उम्मेदवारको लागि योग्यता :

देहायका व्यक्तिहरु नगर प्रहरी पदमा उमेद्वार हुनको लागि योग्यहुन सक्नेछनः

क) नेपालीनागरिक हुनुपर्ने

ख) १८ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको

ग) मगज नविग्रेको

घ) नैतिकपतन देखिने फौजदारी अभियोगमाअदालतबाट कसुरदार नठहरिएको ।

**रुरुक्षेत्र गाउँपालिकानगर प्रहरी सञ्चालन सम्बन्धी कार्यविधि, २०७९**

ङ) भविष्यमा सरकारी नोकरीअयोग्यठहरिने गरि सेवाबाटबर्खास्त नभएको ।

च) पुरुषको हकमा ५.२ फिट र महिलाको हकमा ५ फिटउचाई भएको ।

<u>योग्यता र तालिम :</u>

क) प्रहरी सहायकनिरिक्षकको हकमा प्रमाणपत्र तह उत्तीर्ण गरेका

ख) प्रहरी जवनाको हकमा एस.ई.इं वा सो सरह उत्तीर्ण भएको

तलबभत्ता :

प्रहरी सहायक निरिक्षकको : १५,००० (पन्ध्र हजार) र ३,००० रासनखर्च

प्रहरी जवानको : १२,००० (बाह्र हजार) र ३,००० रासनखर्च

<u>परीक्षाको पुर्णाङ्क र उत्तीर्णाङ्कः</u>

नगर प्रहरी छनौट समितीबाटलिइने परीक्षाको पुर्णाङ्क देहायबमोजिमहुनेछ :

क) लिखित परीक्षाको १०० अङ्क

ख) प्रयोगात्मक परीक्षाको २५अङ्क

ग) अन्तरवार्ताको २५ अङ्क

लिखित परिक्षाको ३५ र प्रयोगात्मक तथा अन्तरवार्ताको १०/१० अङ्कलाई उत्तीर्णाङ्क हुने छ ।

<u>अन्तरवार्ताको अङ्कः</u>

अन्तरवार्ताको लागि छुट्याएको अङ्कलाई देहायबमोजिमदिइने छ :

क) अनुभवबापत १ वर्ष काम गरे बापत २ अंक का दरले बढीमा ४ अंक

**ख) म्यादी प्रहरी भइ काम गरेको भए प्रतेक पटक को १.५ अंक को दरले बढीमा ३ अंक**

ग) शैक्षिक योग्यता बापत सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ३ द्वितीय श्रेणीको भए २ तृतीय श्रेणीको भए १ अङ्कका दरले बढिमा ३ अङ्क

(घ) अन्तरवार्ता बापत १५ अंक

तर अन्तरवार्ताको अङ्कदिँदा कुनै उमेद्वारलाई ७० प्रतिशत भन्दा बढि र ३० प्रतिशत भन्दा कम अङ्क दिनपर्ने भएमा त्यस्तो नम्वर दिनपर्ने स्पष्ट कारण खुलाउनुपर्ने छ ।

<u>पाठ्यक्रम :</u>

दौड प्रतियोगिता २५ अंक

लिखित परीक्षा १०० अंक

१) सामान्य ज्ञान २० अंक

२) बिषय सम्बन्धि ज्ञान ८० अंक

क) लामो उत्तर आउने प्रस्न ४ ओटा १०*४=४०

ख) छोटो उत्तर आउने प्रश्न ८ ओटा ८*५=४०

पाठ्यक्रम

१)सामान्य ज्ञान :इतिहास, भूगोल,राजनीति शास्त्र,साहित्य ,कला ,सस्कृति ,खेलकुद,समसामयिक ज्ञान

२)बिषय सम्बन्धि ज्ञान :

क)गाउँपालिका वा नगरपालिकाको नीति,कानुन,मापदण्ड सम्बन्धि व्यवस्था

ख) गाउँपालिका वा नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण सम्बन्धि व्यवस्था

ग) स्थानीय स्तर मा हुने सभा समारोह,परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा ब्यबस्थापन सम्बन्धि व्यवस्था

घ) स्थानीय बजार तथा पार्किङ स्थल को रेखदेख र ब्यबस्थापन सम्बन्धि व्यवस्था

ङ )गाउँ र नगर सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन सम्बन्धि व्यवस्था

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन सम्बन्धि व्यवस्था

छ) सार्बजनिक ऐलानी र पर्ति जग्गा,सार्बजनिक भवन,सम्पदा तथा भौतिक पुर्बाधारको संरक्षण र सुरक्षा सम्बन्धि व्यवस्था

ज) विपद ब्यबस्थापन सम्बन्धि खोजि,उद्दार,राहत तथा ब्यबस्थापन सम्बन्धि व्यवस्था

झ) अनधिकृत बिज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण सम्बन्धि व्यवस्था

ञ) छाडा चौपायाको नियन्त्रण सम्बन्धि व्यवस्था

ट) अनधिकृत निर्माण तथा सार्बजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि व्यवस्था

ठ) समुदाय संग समन्वय कला संग सम्बन्धित व्यवस्था

## काम कर्तब्य र अधिकार

स्थानीय सरकार संचालन ऐनले तोकेको अधिकार भित्र रही नगर प्रहरी को काम कर्त्यब्य र अधिकार निम्न बमोजिम हुनेछ ।

क) नगर प्रहरी

१) नगर प्रहरीको गठन ,संचालन ,ब्यबस्थापन,नियमन तथा नगर प्रहरी सम्बन्धि नीति,कानुन र मापदण्डको निर्माण तथा कार्यन्वयन

२) देहायका कार्यमा सहयोग पुर्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्ने :

क) गाउँपालिका वा नगरपालिकाको नीति,कानुन,मापदण्ड तथा निर्णय कार्यन्वयन

ख) गाउँपालिका वा नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण

ग) स्थानीय स्तर मा हुने सभा समारोह,परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा ब्यबस्थापन

घ) स्थानीय बजार तथा पार्किङ स्थल को रेखदेख र ब्यबस्थापन

ङ) गाउँ र नगर सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन

छ) सार्बजनिक ऐलानी र पर्ति जग्गा,सार्बजनिक भवन,सम्पदा तथा भौतिक पुर्बाधारको संरक्षण र सुरक्षा

ज) विपद ब्यबस्थापन सम्बन्धि खोजि,उद्दार,राहत तथा ब्यबस्थापन

झ) अनधिकृत बिज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण

ञ)छाडा चौपायाको नियन्त्रण

ट) अनधिकृत निर्माण तथा सार्बजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण

ठ) कार्यपालिकाले तोकेको अन्य काम

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०९/१२

आज्ञाले
मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत